# लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन

जेन लामा
संयोजक

यस संघको २४ औं बार्षिक साधारण सभाका सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि, आमन्त्रित अन्य अतिथि वर्ग, पत्रकार साथीहरु, प्रमुख सल्लाहकार, यस संघका सञ्चालकहरु, लेखा सुपरिवेक्षण समितिका सहकर्मीहरु अन्य उपसमितिका सदस्यहरु, सदस्य संस्थाका प्रतिनिधिज्यूहरु तथा कर्मचारी साथीहरुमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत एवं सहकारी अभिवादन गर्न चाहान्छु ।

काभ्रे जिल्लामा ९ वटा सहकारी संस्थाहरुको आवद्धतामा २०५३ सालमा स्थापना भई २०५४।०९।०९ डिभिजन सहकारी कार्यालबाट विधिवत रुपमा दर्ता भई काभ्रेली साकोसहरुको सहकारी अभियानको नेतृत्वदायि भुमिका निर्वाह गर्दै आएको यस संघको २४ औं बार्षिक साधारण सभाको यो गरिमामय सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्न पाँउदा आफुले गौरवको महशुस गरेको छु । साथै यस समितिको प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउनु हुने लेखा समितिका सदस्य एवं कर्मचारी मित्रहरुलाई हृदय देखि धन्यवाद व्यक्त गर्न चाहान्छु ।

हामीलाई थाहाछ हाल विश्वव्यापी रुपमा फैलिएको COVID-19 को कारणले सबै क्षेत्रमा असर गरे जस्तै सिंगो सहकारी अभियान संगै यस सघं पनि COVID-19 मारको विषम् परिस्थितीबाट गुज्रिएर लामो संघर्ष र विभिन्न उतार चढावहरु हुदै सहकारी क्षेत्रको गहिरो अनुभव बटुली काभ्रेली सहकारी आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गर्दै यो बिषम् परिस्थितिमा सदस्यहरुलाई सामाजिक दुरी सहितको सुरक्षा मापदण्ड पुरा गरी सेवा प्रदान गर्न सफल रहेको कुरा यहाँहरु माझ अवगत नै छ । हाल COVID-19 को तेश्रो स्वरुप हाम्रा छिमेकी देश तथा नेपालमा समेत देखा परिसकेको अवस्थामा हामी हाम्रा सदस्य संस्थाहरुलाई सरल, शुलभ र व्यवस्थित तवर बाट सेवा सुविधा उपलब्ध गराउदै सहकारी अभियानको महत्वपुर्ण अभिभावकको रुपमा यस संघलाई स्थापीत गर्ने नै छौ । यस संघको आर्थिक सफलता र मजबुती क्रमशः बढ्दै गएको जानकारी कोषाध्यक्षको प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदनबाट स्पष्ट भएकोछ ।

२३ औं बार्षिक साधारण सभाबाट पारित संघको कार्य योजनाको समिक्षा र यसै साधारण सभावाट पारित हुदै गरेको आ.व. २०७८।०७९ को योजनाको विषयमा महत्वपूर्ण छलफल तथा निर्णय गर्ने गरी हामी यस गरिमामय साधारण सभामा उपस्थित छौ । पक्कै पनि लेखा सुपरिवेक्षण समिति भनेको संघको महत्वपुर्ण र अभिन्न अङ्ग हो । यसको काम तथा कार्य भनेको संघमा भएका नीति विधिको पालना, साधारण सभाको निर्णयको कार्यान्वयनको स्थिति तथा नेपाल सरकारबाट जारी ऐन, नियम, निर्देशिका र विभिन्न समयमा जारी निर्देशनका व्यवस्थाहरु समिति, उप समिति तथा कर्मचारीबाट भएको पालनाको अवस्था साथै वित्तिय तथा गैह्र वित्तिय कारोबारको जाँच तथा निरिक्षण गरी संघमा दैनिक कार्य सम्पादन गर्दा भए गरेका प्रगति र त्रुटिको विश्लेषण गरी संघको समिति तथा सम्मानित साधारण सभा मार्फत तत् व्यवस्थाको प्रगतिको समिक्षा र त्रुटि भएमा सोको समाधानका बुदाँ सहित प्रतिवेदन दिनु हो । उल्लेखित व्यवस्था बमोजिम हामीले आ.व. २०७७।०७८ को विभिन्न अवधिमा बैठक बसी आन्तरिक लेखापरिक्षणको गहिराई सम्म पुगेर तयार पारेको प्रतिवेदन यस सम्मानित साधारण सभामा प्रस्तुत गर्न चाहन्छु ।

**(१) अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था –**

मिति २०७७।०९।११ गते सम्पन्न यस संघको २३ औ वार्षिक साधारण सभा समक्ष प्रस्तुत कार्ययोजना अनुरुप आ.व. २०७७।०७८ का लागि पुरा गर्नु पर्ने लक्ष्यहरु मध्ये अधिकांश कार्यक्रमहरु पुरा भएको छ। वार्षिक कार्ययोजना तालिका अनुसार अधिकांश कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न भएको र कोरोना महामारीको बीचमा पनि संघको वित्तीय लक्ष्य हासिल भएको पाईयो ।

**(२). ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था –**

संघले तोकेको विभिन्न शिर्षकको ऋण अन्तर्गत ऋण लगानी भईरहेको छ। सदस्य संस्थाहरुलाई ऋण प्रदान गर्दा संघले तोकेको ऋण माग फाराम भरी संघमा दर्ता भई सकेपछि चल अचल सम्पति धितो सुरक्षणमा ऋण लगानी गर्नु पर्ने भएमा ऋण उप-समिति, कर्मचारी र संघमा सूचिकृत संस्थागत धितोमुल्यांकन कर्ताहरु बाट संयुक्त धितो निरीक्षण गरी प्रचलित वजार भाउ र मालपोत कार्यालयले तोकेको दरको अनुपातमा धितो मुल्याङकन गरी ऋण शिर्षक अनुसार लगानी गर्न हुने, नहुने संस्थाको कारोबार हेरि ऋण लगानी भएको देखिन्छ। ऋणको सीमा रकम अनुसार सम्वन्धित समिति र उप-समितिले अनुमोदन गरी ऋण लगानी भएको देखिन्छ ।

**(४). सहकारी मन्त्रालयबाट जारी गरिएको सहकारी ऐन र नियमावली पालना सम्बन्धी संक्षिप्त बिवरण–**

आ.व. ०७७/०७८ भित्र सहकारी मन्त्रालयबाट जारी भएको सहकारी ऐन र नियमावली बमोजिम दिएका निर्देशनहरु पालना गर्दै आईरहेको छ ।

**(५). सहकारी मन्त्रालय, विभाग वा सम्बन्धित निकायले अनुगमन गरी दिईएको प्रतिवेदन अनुसारको निर्देशन सुझावहरु कार्यान्वयन सम्बन्धी बिवरणहरु–**

राज्य संघीयतामा गईसकेपछि सहकारी संघ-संस्थाको नियमनकारी निकायको रुपमा रहेको सहकारी मन्त्रालय, सहकारी विभाग, प्रदेश कार्यालयबाट यस अवधिमा अनुगमन भएको देखिदैन ।

**(६). पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको बिवरण –**

**६.१ पारिश्रमिक–** संचालक समिति, लेखा सुपरीवेक्षण समिति र गठित उप-समितिहरु, पदाधिकारी, संयोजक तथा सदस्यहरुले पाउने गरी कुनै किसिमको पारिश्रमिकको ब्यवस्था गरिएको छैन । बैठकमा उपस्थित भए वापत समिति र उप-समितिका पदाधिकारी, संयोजक तथा सदस्यहरुको लागि बैठक भत्ताको ब्यवस्था गरिएको छ। त्यसरी पाउने भत्ताको सम्वन्धमा संचालक समितिले निर्णय गरी वार्षिक साधारण सभाबाट अनुमोदन भए पश्चात नियमानुसार करकट्टी गरी प्रदान गरिने गरिएको छ ।

**६.२ अन्य सुविधाहरु–**

संचालक समिति, लेखा सुपरीवेक्षण समिति तथा अन्य उप-समितिहरुका पदाधिकारी, संयोजक, सदस्यहरुलाई संघको कार्यमा खटे वापत परिवहन खर्चको व्यवस्था गरिएको र प्रबन्धकको हकमा निर्वाह गर्नुपर्ने काम कर्तब्य र अधिकार अनुसार निजलाई संचार तथा इन्धन र अन्य सुविधा पाउने ब्यवस्था गरिएको छ र सो सम्वन्धमा संचालक समितिले निर्णय गरी साधारण सभाले अनुमोदन गर्ने गरिएको छ ।

**(७) कर्मचारी प्रशासन सम्बन्धि ब्यवस्था -**

७.१ साधारण सभाबाट पारित मानव शंसाधन नीति भए/नभएको - भएको ।

७.२ मानव शंसाधन नीति प्रयोगमा ल्याएको/नल्याईएको - ल्याएको ।

७.३ भर्ना प्रक्रिया पारदर्शीता भए/नभएको- यस संघलाई आवश्यक मानव शंसाधन नीति अनुसार सञ्चालक समितिले पदपुर्ती उप-समितिको गठन गरी संघको कार्यालयको सुचना पाटी र स्थानीय स्तरको पत्रिकामा कर्मचारी आवश्यकता सम्बन्धि सुचना प्रकाशित गरी प्रतिस्पर्धात्मक लिखित पर ीक्षा, प्रयोगात्मक र अन्तर्वाताको आधारमा सक्षम ब्यक्तिलाई छानी आवश्यक पदमा कर्मचारी नियुक्ति गर्ने गरिएकोले भर्ना प्रक्रिया पारदर्शी भएको देखिन्छ ।

७.४ कार्यरत कर्मचारी र कार्यबोझ बीच तादम्यता रहेको / नरहेको - रहेको ।

७.५ ब्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धि बिबरण-

अधिकृत स्तर छैठौं तहमा कार्यरत प्रबन्धक श्री गुरु प्रसाद ढकाललाई निजको कार्यसम्पादन मुल्यांकन तथा सुपरिवेक्षकको सिफारीसमा संचालक समितिको निर्णय बमोजिम अधिकृत स्तर ७ औं तहमा पदोन्नती गरिएको छ। निजको शैक्षिक योग्यता व्यवस्थापन संकायमा स्नातकोत्तर रहेकोछ ।

(८) **यस समितिले यस अघि दिईएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था** - मिति २०७७।०९।११ गते शनिवारका दिन सम्पन्न २३ औ वार्षिक साधारण सभा समक्ष पेश गरेका प्रतिवेदन मार्फत दिईएका सुझावहरु मध्ये देहायका सुझावहरु कार्यान्वयन भएका छन् ।

१. संस्थागत पूँजी गत वर्षको तुलनामा यस वर्ष दोब्बर भएको छ ।
२. पर्ल्स सूचक अनुसार वित्तीय लगानी कूल सम्पत्तिको २% भन्दा ज्यादा हुन नहुनेमा गत वर्षको असार मसान्त सम्ममा वित्तीय लगानी ३७.५९% भएको पाइयो । गत वर्षको तुलनामा वित्तिय लगानी न्यून भई सदस्य संस्थाहरुलाई लगानी भएको छ ।
३. संघले कार्यालयमा अग्नि जोखिम न्यूनीकरण गर्न कार्यालय परिसरमा अग्नि नियन्त्रण सामग्री व्यवस्था नगरेको देखिन्छ ।
४. संघले संस्थाहरुबाट उठाउन बाकि खराब ऋणको असुलीको प्रकृया अवलम्बन गरेको देखिन्छ ।
५. जिल्लामा संस्थाहरुको संख्या र सदस्यताको अवस्था सन्तोष जनक नरहेकोमा सदस्यता अभियान, जिल्लाका सहकारीहरुको एकिकरण अभियान र सहकारी शिक्षा अभियान सञ्चालन गरेको देखिएन ।
६. जिल्लाको सबै स्थानीय तह संग समन्वय गरी बचत तथा ऋण सहकारी सस्थाहरुको संख्या पहिचान गरी संघमा आवद्ध गराउन पहल गरेको देखिन्छ ।
७. संघले सहकारी ऐन बमोजिम संरक्षित पूँजी फिर्ताकोष बाट सदस्यहरुको योगदानको आधारमा रकम वितरण गरेको छ ।
८. संघले ऋण नितिलाई समय सापेक्ष परिमार्जन गरि लागु गरेको देखिन्छ ।

(९) **लेखा सुपरिवेक्षण समितिका सुझावहरु** - यस संघको २३ औं वार्षिक साधारण सभा समक्ष पेश गरेका अधिकांश सुझावहरु कार्यन्वयन भएका र केही सुझावहरु कार्यान्वयन नभएको र समय सापेक्ष देहायका सुझावहरु कार्यान्वयनका लागि यस गरिमामय सभा समक्ष प्रस्तुत गरिएको छ ।

१. संस्थागत पूँजी कुल सम्पत्तिको कम्तीमा १०% पुऱ्याउने लक्ष्य राख्नुपर्ने ।
२. पर्ल्स सूचक अनुसार वित्तीय लगानी कूल सम्पत्तिको २% भन्दा ज्यादा हुन नहुनेमा गत वर्षको असार मसान्त सम्ममा वित्तीय लगानी ३७.५९% भएको पाइयो । गत वर्षको तुलनामा वित्तिय लगानी न्यून

भएको भएतापनी वित्तीय लगानीलाई न्युनिकरण गर्न ऋणलगानीमा जोड दिनुपर्ने देखिन्छ ।

३. संघले कार्यालयमा अग्नी जोखिम न्यूनीकरण गर्न कार्यलय परिसरमा अग्नी नियन्त्रक व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४. संघले संस्थाहरुबाट उठाउन बाँकी खराब ऋणको असुली गर्नुपर्ने देखिन्छ ।

५. जिल्लाको सबै स्थानीय तह संग समन्वय गरी बचत तथा ऋण सहकारी सस्थाहरुको संख्या पहिचान गरी संघमा आवद्ध गराउन पहल गनुपर्ने देखिन्छ ।

६. मन्त्रालय तथा सहकारी विभाग संग समन्वय गरि विभिन्न कार्यक्रमहरुको थालनी गर्नुपर्ने ।

७. नेपाल लेखामान बोर्डले अनिवार्य गरेको रु ५० करोड भन्दा माथिको वासलात भएका संघ संस्थाहरुले अनिवार्य रुपमा Nepal Financial Reporting Standerd (NFRS) बमोजिमको वित्तिय विवरण तयार गर्नु पर्ने व्यवस्था गरेकोले संघले सो बमोजिमको तयारीको सुरुवात गर्नुपर्ने देखिन्छ ।

८. संघमा हुने हरेक आर्थिक गतिविधिलाई पारदर्शी, जवाफदेही, नियम संगत र स्रोतमा आधारित आर्थिक कारोबार सञ्चालन गर्ने हेतुले सहकारी विभागद्धारा सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारि गरिएको निर्देशिका २०७४ अनुसार संघको विनियमले दिएको अधिकार प्रयोग गरि “सम्पत्ति शुद्धिकरण निवारण कार्यविधि” तयार गरि लागु गर्नुपर्ने देखिन्छ ।

९. संघको आन्तरिक लेखा परिक्षकले दिईएका सुझावहरु पूर्णरुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, यस संघको २४ औं बार्षिक साधारण सभामा उपस्थित भई सभाको गरिमा राख्दै संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप समिति र कर्मचारीहरुको हौशला बढाई दिनु हुने सवै अतिथि गण तथा प्रतिनिधिहरुमा धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस संघ आफ्ना सदस्य संस्थाहरु तथा समग्र काभ्रेली सहकारी अभियानको हितका निम्ति विभिन्न तालिम, गोष्ठि अन्तरक्रिया अध्ययन अवलोकन भ्रमण, अन्तर लगानी कार्यक्रम तथा छिटो छरितो सेवा उपलव्ध गराउन यस संघ अझै सक्षम हुदै जाने छ भन्ने विश्वास सहित लेखा तथा सुपरिवेक्षण समितिको यो प्रतिवेदन यहि अन्त्य गर्न चाहान्छु ।

जय सहकारी, जय  वचत संघ काभ्रे ।